१२५ पिस

# गैंडहवा राजपत्र

गैंडहवा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २, गैंडहवा गाउँपालिका, असौज ३० गते, २०७६ साल संख्याः ६

भाग–२

## गैंडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही

### संवत २०७६ सालको कार्यविधि नं. ६
### कार्यविधिको नाम : गैंडहवा गाउँपालिकाको सामाजिक परिचालन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः** स्थानीयतहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकाशको मूल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई उनीहरुको काम तथा हक, अधिकारका बारेमा चेतनशिल गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक सामाजिक संरचनालाई बिकासको मूलाधारमा ल्याउन र नागरिकको आवाज एवं मागलाई सम्बोधन गर्दै जवाफदेही बनाउँन सरकारी, निजि तथा समुदायमा आधारित संघ संस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको गरिबी न्यूनीकरण र दिगो बिकासको

अवधारणालाई संगठन, बचत, सीपको माध्यमबाट संस्थागत गर्दै सम्बृद्ध समाज निर्माण गर्ने कार्यमा सहयोग पुर्‍याउन समाजिक परिचालन कार्यलाई व्यवस्थित गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गर्दै यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम सामुदायिक बिकास कोष सामाजिक परिचालन कार्यविधि, २०७६ रहने छ ।

ख. यो कार्यविधि गैडहवा गाउँपालिका, रुपन्देहीले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :**

क. विषय वा प्रसंगले अर्को अर्थ न लागेमा यस कार्यविधि भन्नाले सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धी **कार्यविधि, २०७६** लाई सम्झनु पर्दछ ।

ख. **"सामुदायिक संस्था"** भन्नाले वडाका वस्ती स्तरमा महिला वा पुरुष समूह छुट्टा-छुट्टै वा मिश्रित रुपमा संगठित भएको समूहलाई सम्झनु पर्दछ ।

ग. **"अ.मे.भेला"** भन्नाले वडा स्तरमा वा वडा स्तरिय गठित सामुदायिक संस्थाका अध्यक्ष मेनेजरहरुले संचालन गर्ने भेलालाई सम्झनु पर्दछ ।

घ. **"समिति"** भन्नाले पालिका स्तरिय र वडा स्तरिय समितिलाई सम्झनु पर्दछ ।

ङ. **"अध्यक्ष (गाउँपालिका प्रमुख)"** भन्नाले गाउँपालिकाको अध्यक्ष (गाउँपालिका प्रमुख) सम्झनु पर्दछ ।

च. **"अ.मे."** भन्नाले वडा स्तरमा वा वडा स्तरिय गठित सामुदायिक संस्थाका अध्यक्ष मेनेजरलाई सम्झनु पर्दछ ।

छ. **"सदस्य"** भन्नाले वडा स्तरमा वा वडा स्तरिय गठित सामुदायिक संस्थाका सदस्यहरु लाई सम्झनु पर्दछ ।

ज. **"स्थानिय तह"** भन्नाले गाउँपालिका लाई सम्झनु पर्दछ ।

झ. **"जि.स.स."** भन्नाले रुपन्देही जिल्ला समान्वय समिति लाई सम्झनु पर्दछ ।

ञ. **"पदाधिकारी"** भन्नाले गाउँपालिकाका पदाधिकारी सम्झनु पर्दछ ।

ट. **"सामुदायिक बिकास कोष"** भन्नाले गाउँपालिकाका वडा स्तरमा वा वडा स्तरियमा संचालित साबिक जिल्ला बिकास समिति स्थानिय विकास कोषद्वारा हस्तान्तरीत कोष सहितको सामुदायिक संस्थाका गाउँ विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।

ठ. **"गा.पा."** भन्नाले गाउँपालिका लाई सम्झनु पर्दछ ।

ड. **"स्थानिय सेवा प्रदायक"** भन्नाले स्थानिय तहमा रहेका सरकारी तथा गैर सरकारी संस्था वा सम्झौता गरी सम्बन्धित वडा समिति तथा अन्य क्षेत्रमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

ढ. **"सामाजिक परिचालन"** भन्नाले आम नागरिकलाई सामुदायिक संस्थामा संगठित गरी संगठन, बचत तथा शिपको माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा शशक्तिकरण गरी स्थानिय स्रोत तथा साधनलाई परिचालन गराई उनीहरुको व्यक्तिगत पारिवारिक तथा सामाजिक जीवनमा सकरात्मक परिवर्तन ल्याउने प्रकृयालाई जनाउँछ ।

**३. कार्यविधिको उद्देश्यः**

क. सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्ने ।

ख. स्थानीय तहमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपता ल्याउने ।

ग. सामाजिक परिचालन क्षेत्रमा साझा अवधारणा बनाउने ।

घ. साबिक जि.वि.स. स्थानिय विकास कोषबाट संचालनमा रहेको समुदायिक विकास कोष (गाउँ विकास कोष) गाउँ विकास कार्यक्रमलाई गाउँपालिकामा आन्तरीकरण गर्ने।

ङ. स्थानीय स्तरमा स्रोत तथा साधनको समुचित परिचालन गर्न सक्षम नेतृत्वको विकास गर्ने ।

च. सामुदायिक संस्थामा संकलित बचत सामुदायिक संस्थाहरु बिच कार्यगत समन्वय वित्तिय अनुशासन र सामुदायिक विकास कोषको दक्षता अभिबृद्धि गर्ने पक्षहरुमा केन्द्रित परिचालन गर्ने ।

छ. संगठन, बचत तथा शिपको अधिकतम प्रयोगा गरी नागरिकहरु विशेष गरी विपन्नवर्गको विकासका लागि विद्यमान आर्थिक, सामाजिकस, सांस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउने ।

ज. समुदायहरुलाई आपसी सदभव मेलमिलाप र सहयोगबाट सामाजिक पूजी निर्माण गरी आफ्ना समस्यहरु समस्याहरु सामाधान गर्न साक्षम गराई समाजमा सहिसुष्णता बढाउने ।

झ. विद्यमान अवस्थामा साबिक गा.वि.स.हरु -हालका गा.पा.का वडाहरुमा) साविक गाउँ विकास कार्यक्रमलाई समुदायिक विकास कोष (गाउँ विकास कोष) मार्फत संचालन सामाजिक परिचालन कार्यक्रमलाई पुर्णरुपमा व्यवस्थित गर्ने ।

ञ. सामुदायिक विकास कोष (गाउँ विकास कोष) गाउँ विकास कार्यक्रम संचालन नभएका वडाहरुमा क्रमशः संचालन गर्दै जाने ।

परिच्छेद-२

## गाउँपालिका स्तरिय सामुदायिक विकास कोषसामाजिक परिचालन प्रक्रिया सम्बन्धित व्यवस्था

### ४. सामाजिक परिचालन प्रक्रिया

क. सामुदायिक विकास कोष हस्तान्तरित कार्यकम गाउँपालिकाको आफ्नो कार्यकम भएकाले हरेक वडा बस्तीहरुका क्रमहः विस्तार गरिनुका साथै हाल स्थानिय तहमा संचालन हुदै आएका तथा भविष्यमा संचालन हुने सम्पुर्ण सरकारी, तथा गैरसरकारी संघ संस्थाहरुलाई सामुदायिक विकास कोष गाउँ विकास कार्यकम संग समन्वय गरी सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

ख. सामुदायिक विकास कोषमा आबद्ध सदस्यहरुमा संगठन, बचत, सीप सहित सामाजिक रुपान्तरण प्रक्रियालाई अगाडी बढाउँदै लगिने छ ।

ग. सामुदायिक संस्थाहरुलाई परिपक्कता हासिल गरे पश्चात यी स्थानिय सामुदायिक संस्थाहरुलाई सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ ।

### ५. सामुदायिक विकास कोष सामाजिक परिचालन समिति :

सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न गराउनका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा देहाय अनुसार सामाजिक परिचालन समिति गठन गरिने छ । समितिले सामजिक परिचलनको कार्यमा संलग्न रहेका संस्थाहरुलाई सामाजिक परिचालनको विधि र प्रक्रियामा स्पष्टता ल्याउँन उनीहरुको क्षमता विकास गर्ने यी निकायहरु बीच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यन्वयन गराउन स्थानीय तहलाई आवश्यक सुझाव सहित नितीगत समन्वय गर्नेछ ।

क) सामाजिक परिचालन समितिको गठनः

- गैडहवा गाउँपालिकाका अध्यक्ष-अध्यक्ष १
- गैडहवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत-सदस्य १
- सामुदायिक विकास कोष मध्येबाट कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि -२ सदस्य
- स्थानीय सामुदायिक संस्थाबाट एक महिला सहित २ सदस्य
- महिला बालबालिका /कृषि शाखाका प्रतिनिधि एक एक जना गरी - २ जना सदस्य
- गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा हेर्ने कर्मचारी सदस्य सचिव-१

ख) गाउँपालिका स्तरमा सामाजिक परिचालनको काम गर्ने अन्य निकाय वा संस्थाहरुले यस कार्यक्रमसँग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तब्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरुलाई सामाजिक परिचालन समितिको बैठकमा आमन्त्रित गरिनेछ ।

ग) सामाजिक परिचालन समितिको काम कर्तव्य र अधिकार देहाय बामोजिम हुने छ ।

१. सामाजिक परिचालन समितिको समन्वय गाउँपालिका क्षेत्रमा वा अन्य निकायद्वारा संचालित सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने सुझाव दिने तथा सामाजिक परिचालनसँग सम्बन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

२. गाउँपालिका र अन्य विभिन्न संघ संस्थाहरुद्वारा संचालित सामाजिक परिचालन कार्य बिच समन्वय गर्ने

र सोको प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रूपमा गाउँपालिका पठाउने ।

३. सामाजिक परिचालनको कार्यान्वयन कार्यतालिका तयार गर्ने र सो अनुर काम भए नगरेको पाईएमा सम्बन्धित पक्षलाई कार्यक्रम नगर्न सुझाव दिने/सचेत गराउने ।

४.जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण गर्ने ।

५. वडाहरुमा रहेका सामुदायिक विकास कोषको नियमित अनुगमन तथा मुल्याकंननियमित रुपले गर्ने ।

६. सामुदायिक बिकास कोषबाट प्राथमिकरण भई पेश हुन आएका कार्यक्रमहरुलाई प्रक्रियागत रुपमा योजना तर्जुमा समिति हुँदै गाउँपरिषदमा पेश गर्न सहयोग गर्ने ।

७. गाउँपालिकास्तरमा सामाजिक परिचालन सम्बन्धी अन्यक्रियाकलापहरु गर्नसम्बन्धित निकायलाई सहयोग पुऱ्याउने ।

८. सामाजिक परिचालनको एवम् सामुदायिक बिकास कोष मार्फत भएगरेका कामकोअनुगमन र मुल्याकंन गाउँपालिकाको निर्देशनमा सामजिक परिचलन समितिले गर्नेछ र त्यसको प्रतिवेदन अर्धवार्षिक रुपमा गाउँपालिकामा बुझाउनुपर्नेछ ।

**६. सामुदायिक बिकास कोष (गाउँ बिकास) संचालन समिति**

सामुदायिक बिकास कोष समिति वडा समिति वडास्तरीय सामुदायिक बिकास कोषलाई नियमित संचालन गर्न सामुदायिक संस्थाकाप्रतिनिधिहरु मध्येबाट अन्य सहमतिमा निम्नानुसार ५ सदस्य रहेको सामुदायिक बिकास कोष संचालन समिति गठन गरिनेछ र संचालन समितिको पदावधि ३ वर्षको लागि हुनेछ ।

अध्यक्ष - सामुदायिक संस्थाका अध्यक्ष वा मैनेजर बाट १ जना

उपाध्यक्ष - सामुदायिक संस्थाका अध्यक्ष वा मैनेजर बाट १ जना महिला,

पदेन सदस्य - निर्वाचित प्रतिनिधि १ जना वडा अध्यक्ष

सदस्य - दलित/जनजाती/मुस्लिम/अन्य मध्येबाट महिला १ जना महिला अनिवार्य हुनुपर्ने ।

सदस्य सचिव - वडा सचिव

परिच्छेद-३

## सामुदाकि विकास कोषको काम, कर्तब्य र अधिकार

क. सामुदायिक संस्थाहरुलाई संगठन, बचत तथा शिपको मध्यमबाट शसक्तिकरण प्रदान गर्नेविभिन्न प्रकृतिका सेवाहरु र सो बारे जानकारी लिने ।

ख. वातावरण, विपद, जाखिम व्यवस्थापन तथा जलवायु परिवर्तनको जोखिम पहिचन गर्ने र पुर्व सर्तकता अपनाउने ।

ग. स्थानीय आवश्कता अनुसारको कृषि, पशुपालन तथा अन्य आय आर्जन सम्बन्धि शिप तथाविकासका योजना तयार गर्ने ।

घ. नागरिकताको प्रमाण-पत्र जन्म, मृत्यु, विवाह आदि जस्ता व्यक्तिगत घटना दर्ता गर्न उत्साहित गर्ने ।

ङ. जातीगत भेदभाव, बालविबाह, अनमेल बिवाह, बोक्सी, धामी, झाँक्री, जुवा, तास, निरक्षता, दाईजोप्रथा, छुवाछुत तथा महिला विरुध हिंसा, बालश्रम, बालहिसाँ जस्ता सामाजिक विसङ्गतीहरु बारे छलफल चलाउने र समाजबाट हटाउन पहल गर्ने ।

च. आफ्नो वस्ती तथा समुदायलाई खुल्ला दिशामुक्त बनाउने, वातावरणीय तथा घरेलु सरसफाई गर्ने गराउन पहल गर्ने ।

छ. प्राकृतिक प्रकोप (भुकम्प, बाढी, पहिरो, आँधिबेरी, आगलगि, सितहर) आदि बारे पुर्व सर्तकता अपनाउने र त्यसबाट बच्ने उपायहरु बारे छलफल गर्ने ।

ज. बाल अधिकार महिला अधिकार संरक्षणबारे कार्य गर्ने ।

झ. जातिगत एवम् सामाजिक सद्भाव बढाउने ।

ञ. बालबालिकाहरुका लागि बालबिकास केन्द्र, विद्यालय भर्ना, बिद्यालयमा निरन्तर हाजिरी, बाल क्लबमा सहभागी गराउने ।

ट. ५ वर्ष मुनिका सबै बालबालिकाहरुलाई समयमै खोप लगाउन, साथै गर्भावती मलिाहरुलाई स्वास्थ्य संस्थामा लगेरा सुत्केरी गराउन चेतना अभिवृद्धि गराउने ।

ठ. सीप बिकास, आयआर्जन तथा जिविकोपार्जन सहयोग यो कार्यक्रम संचालनको लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजी संघ संस्थाहरु संग समन्वय गर्ने, पैरव गर्ने र स्रोत जुटाउने ।

ड. सामुदायिक संस्थाहरुलाई परिपक्क बनाई सरकारी तथा संस्थागत बिकास एवम् रोजगारीप्रती प्रयत्नशिल रहने ।

ढ. यसरी गठन गरिएका सामुदायिक संस्थाहरुका सदस्यहरुको आर्थिक बिकास एवम् रोजगारी सतिको जिविकापार्जनका लागि घुम्ती कोष उपलब्ध गराईने ।

ण. घुम्ती कोष विउपूँजीबाट देहाय अनुसारका कायकम अर्न्तगत निम्न क्रियाकलापहरू सञ्चालन तथा कार्यान्वयन प्रोत्साहित गरन्छि ।

- व्यवसायिक वा सामुदायिक खेती/पशुपालन
- क्बुलियती बन व्यवस्थापन, गैरकाष्ठ बन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आर्जन तथा लघु उद्यम बिकास ।

- रोजगारीमुलक र उत्पादकत्व बढाउने विभिन्न किसिमका शीपमुलक कार्यहरु ।
- आय र उत्पादन वृद्धि गर्ने ग्रामीण प्रविधि बिकास तथा प्रयोग ।
- बैकल्पिक उर्जा सोलर, बायोग्यास, सुधारिको उन्नत चुल्हो ।
- आयमुलक कार्यकम वा लघु उद्यम बिकास, ।
- साना सिँचाई, आईरन, शिल्पकला, लुगाकटाई, सिलाई, र बुनाई आदि ,
- सहकारी पसल, खुद्रा पसल, बुटिक कुसन, बाँस मुढा टिका, चुरा फुल खेती आदी । तरकारी खेती नगदे बाली पशुपालन ।
- साना व्यवसाय तथा व्यपार आयमुलक कार्यक्रम लघु उद्यम बिकास सम्बन्धि आयोजना छनौट गर्दा बजारको उपलब्धता तथा व्यवस्था, संम्भार शीपको उपलब्धता, सामानको बजार मूल्य बारे सामान्य विश्लेषण गर्न पर्दछ ।

परिच्छेद-४

## कोष स्थापना र सञ्चलन सम्बन्धि व्यवस्था

### ७. सामाजिक परिचालनको स्थापना र सञ्चालन

क. गाउँपालिका स्तरमा एउटा सामाजिक पीचालन कोष स्थापना गरिनेछ ।

ख. सामाजिक परिचालन कोषमा देहाय अनुसारको रकम रहनेछ ।

१. प्रत्येक वर्ष गाउँपालिकाले गाउँसभाबाट बिनियोजित रकम र कार्यकम सञ्चालन गर्न छुट्याईको समपुरककोष (Matching Fund) ।

२. साबिक सामुदायिक बिकास कोषमा रहेको लगानी एवम् बैंकमा रहेको रकम ।

३. सरकारी तथा गैरसरकारी संघ संस्था एवम् अन्य निकायबाट सामाजिक परिचालन सम्बन्धि कार्यक्रम सञ्चालनका लागि प्राप्त रकम ।

४. कोषको सञ्चालन एवम् लेखापरिक्षण गाउँपालिका र अन्य कोष खाता सञ्चालनका लागि बनेको स्थानीय सरकारआर्थिक प्रशासन ऐन तथा निमावलीले व्यवस्था गरे अनुसार नै हुनेछ ।

५. यसरी योजना तथा बजेट रकमबाट प्राप्त हुने रकम सिधै घुम्तीकोषमा जम्मा हुनेछ र सो रकम कार्यक्रम लागु नभएका वडाहरुमा विस्तार गर्नका लागि सदस्यहरुमा आयआर्जन बढाउने काम घुम्तीकोषको रुपमा लगानी गरिनेछ । यसरी लगानीबाट प्राप्त हुने रकमको ब्याज आम्दानीको निश्चित रकम कर्मचारी कल्याण कोष, क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण जस्ता कार्यक्रममा खर्च गरिनेछ ।

६. उद्यम बिकास सहजकर्ता/सामाजिक परिचालकको न्यूनतम योग्यता र सेवा अवधी, तलब भत्ता ग्रेड पारिश्रमिक, सेवा सुविधा गैडहवा गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

७. विशेष कोषको रुपमा कर्मचारी कल्याण कोषको व्यवस्था हुनेछ ।

**८. सामाजिक परिचालकको काम, कर्तब्य तथा जिम्मेवारीः**

क. सामाजिक विकास कोष गठन, सञ्चालन र सहजिकरण गर्ने, सामुदायिक संस्थाहरुपरिचालन र क्षमता बिकासका कामहरु गर्ने, नागरिक अनुगमन र सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यहरुमा सामाजिक विकास कोषलाई सहयोग गर्ने ।

ख. सरकारी तथा गैरसरकारी संघ संस्थाहरु संग निकटतम समन्वय र सम्बन्धविस्तार गर्ने ।

ग. सामुदायिक संस्थाहरुको वर्षिक लेखापरिक्षण गराउन सहयोग गर्ने ,

घ. सामुदायिक बिकास कोषको वर्षिक लेखापरिक्षण गराउने ।

ङ. सामुदायिक बिकास कोष र गठित सामुदायिक संस्थाहरुको बराबर निरिक्षण तथा अनुगमन गरिरहने ।

च. सामाजिक विकास संग सम्बन्धित क्षेत्रमा नगरपालिका तथा वडा कार्यलयको काममा सहयोग गर्ने ।

छ. गाउँपालिकाको बस्तु स्थिति विवरण तयार गर्न सहयोग गर्ने ।

ज. स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान तथा योजना तर्जमाका लागि सरोकारवालाहरुलाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने ।

झ. लैङ्गिक उत्तरदायि योजना तर्जुमा कार्यन्वयन र अनुमान गर्न सहयोग गर्ने ।

ञ. विपन्न समुहका घरधुरी नक्साङ्कन तथा अद्यावधि गर्ने ।

ट. नागरिक अनुगमनको लागि सामुदायिक बिकास कोषको क्षमता अभिवृद्धि गर्ने ।

ठ. गाउँपालिकाको कार्यलय, समाजिक परिचालन सम्बन्धि अन्य कार्यहरु ।

ड. गाउँपालिकाबाट आयोजना हुने अन्य कामहरु ।

परिच्छेद-५

## कोषको सचिवालय स्थान

**९. कोषको सचिवालय गाउँ कार्यपालिकाको भवन भित्र वा कार्यपलिकाले तोकेको स्थानमा हुनेछ र कोषको काम कारवाहीमा कोषको छुट्टै छाप हुनेछ ।**

**१०.कोषको लेखा व्यवस्थाः**

क. कोषको सम्पुण खाताहरु प्रमुख प्रशासकीय अधिकृत र उद्यम विकास सहजकर्ता/परिचालन समितिको सदस्य सचिव वीच रहनेछ ।

ख. सामुदायिक विकासकोषबाट सञ्चालित ऋृण पुंजी घुम्तिकोष सामुदायिक संस्थाको माग अनुसार लगानी गर्नेछ ।

ग. सामुदायिक विकासकोषमा तपशिल अनुसार खाताहरु रहनेछन् ।

१. सञ्चालन खाता

२. ऋृण पुंजी खाता

३. कार्यक्रम खाता

घ. सामुदायिक संस्थाले सामुदायिक विकासकोषको नियम अनुसार लेखा व्यवस्थापन गर्नेछ ।

ङ. सामुदायिक विकासकोषमा स्थानीय सहजकर्ताको व्यवस्था नहदा सम्मा सम्पुर्ण कोषको रेखदेख र लेखा व्यवस्थापन साथै सम्पुर्ण काम सदस्य सचिवले गर्नेछ ।

च. कोषको माग अनुसार एकमुष्ठ रुपमा सामाजिक परिचालन समितिले निश्चित समयको लागि वडाका कोष समितिलाई घुम्तिकोष लगानी गर्नेछ ।

छ. संस्थाहरुको बचत लगानीको हिसाब किताब राख्ने ।

ज. घुम्तिकोष लगानी र असुली गर्ने ।

झ. सामुदायिक विकास कोषमा लेखा राख्ने ।

ञ. वडाहरुमा लगानी रहेको रकमको व्याज गाउँपालिकाको खातामा जानेछ ।

परिच्छेद-६

## साविक सामाजिक परिचालन कार्यक्रमको व्यवस्थापन

### ११. सामुदायिक विकासकोष व्यवस्थापन सम्बन्धि व्यवस्था

क. साविक गा.वि.स.हरु गठन गरिएका सामुदायिक विकास कोष स्वतः गाउँपालिकामा हस्तान्तरण भएको मानिनेछ ।

ख. सामुदायिक विकास कोष मार्फत गठित सामुदायिक संस्थाहरुलाई सामाजिक परिचालन समितिको सिफरिसमा गाउँपालिकाले आवश्कता अनुसार खारेज र सहकारीकरण गर्न सक्नेछ ।

ग. सामुदायिक विकास कोषमा कार्यरत जनशक्ति कोषको सम्पुर्ण नगद जिन्सी, लगानीमा रहेको रकम चल अचल सम्पत्ति समेत स्वतहः गाउँपालिकाको हुनेछ ।

घ. यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि साबिक जिल्ला बिकास समिति र सामुदायिक बिकास कोष बीच भएको हस्तान्तरण एवम् थप पुँजी लगानी फिर्ताको विषयमा जिल्ला समन्वय समिति र गैडहवा गाउँपालिकाको समन्वयमा उपयुक्त नीति अवलम्बन गर्ने छ ।

### १२. काषको लेखा परिक्षण

१. सामुदायिक विकास कोषले वार्षिक रुपमा गा.पा. ले तोकेको लेखापरिक्षकबाट लेखापरिक्षण गराउने ।

२. लेखापरिक्षण प्रतिवेदन अध्यक्ष/मेनेजर भेलामा सर्वजनिक गर्नेछ र गा.पा.मारिर्पोटिङ्ग गर्नेछ ।

३. लेखापरिक्षण गराउने जिम्मेवारी सामुदायिक विकास कोषको हुनेछ ।

**१३. बाधा अडकाउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धि व्यवस्था**

१. यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले निर्णय गरीफुकाउन सक्नेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३. यस कार्यविधिमा उल्लेखित कुराहरुलाई स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने, खारेज गर्ने सबै अधिकार गाउँपालिकामा निहित रहनेछ

४. यस कार्यविधिका अन्य दफामा जुनसुकै कुरा लेखिएको भए ता पनि यो कार्यविधिलागु भए पछि लगत्तै बसेको गाउँपालिकाको परिषदले यो कार्यविधि स्वीकृत गरेपछि लगत्तै लागु हुनेछ ।

आज्ञाले
**चिरन्जिवी घिमिरे**
प्रमुख प्रशासकीय अधिकृत
गैंडहवा गाउँपालिका, रूपन्देही